गण्डकी प्रदेश सरकार
भौतिक पुर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
# यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र
कास्की
फोन नं.:
०६१-५३१२३८
०६१-५३१६३८
पोखरा, नेपाल

पत्र संख्याः २०८३/०८४
च.नं.:

मितिः २०८३/०४/२०

## सवारीचालक अनुमतिपत्र सम्बन्धी सेवा सम्बन्धमा विशेष जानकारी

आदरणीय सेवाग्राहीहरु यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र कास्कीले साउन १ गतेबाट नयाँ प्रणाली लागु हुने भनी स्थगित भएका सेवाहरु आंशिक रुपमा सुरु भएका छन। सवारीचालक अनुमतिपत्रको नवीकरण (रिन्यु) सम्बन्धी सेवाहरु भने पूर्ण रुपमा सुरु भएको छ। लाइसेन्स सम्बन्धी सम्पूर्ण सेवाहरु अब पूर्ण रुपमा अनलाइन भएकोले केहि चरण जस्तै लिखित परीक्षा तथा ट्रायल परीक्षाका चरणबाहेक अन्य अवस्थामा सेवा लिन कार्यालय आउनु नपर्ने बेहोरा समेत अनुरोध छ।

### लाइसेन्स नवीकरण (रिन्यु) सम्बन्धमाः

लाइसेन्स नवीकरणका लागि गण्डकी प्रदेशको लाईसेन्स आवेदन प्रणाली **https://edlvrs.gandaki.gov.np/** बाट आवेदन दिनुपर्नेछ। त्यसमा EDL बाट जाने र Renew option बाट जाने र आवश्यक विवरणहरु भरेर पेश गरेपछि मेडिकल प्रकृयामा जानुहुनेछ। मेडिकलको लागि लिष्टमा देखिनुभएका रजिष्टर्ड डाक्टरहरुको नाम फोन नम्बर तथा स्थान देखिनेछ। आफ्नो नजिकको डाक्टरलाई भेटेर मेडिकल गर्नुपर्नेछ र उहाँहरुले तपाइको रिपोर्ट सिस्टममा राखेपछि अफिस भेरिफाइ तथा एप्रुभललाई पेश हुनेछ। मेडिकल सफल भएपछि तपाइले कार्यालय छान्नुपर्नेछ। पोखराको हकमा Transport Management Office, Driving License Kaski छान्नुहोला। त्यसपछि मात्रै कार्यालयमा तपाइको आवेदन देखिनेछ। कार्यालयले सकेसम्म छिटो तपाइको आवेदन रुजु गरी Approve गर्नेछ। यसपश्चात तपाइको मोबाइल (tracking link) मा notification पनि जानेछ र राजश्व तिर्ने अप्सन आउनेछ। राजश्व तिर्न EBP number generate भन्ने अप्सन देखा पर्नेछ र उक्त option क्लिक गरेपछि EBP number जेनेरेट हुनेछ र इ-सेवा, खल्ती लगायत QR कोडबाट समेत राजश्व तिर्न सक्नुहुनेछ। राजश्व तिरेपछि तपाइले अनलाइन रसिद सुरक्षित राख्नुहोला। त्यसपछि तपाइको लाइसेन्सको म्याद १० वर्ष थपिनेछ र नवीकरण हुनेछ। अनलाइन सेवाहरु लिदा सकेसम्म आफ्नै मोबाइल डिभाइसमा भर्नुहोला। नजाने सोधेर पनि गर्नुहोला।

### स्मार्ट कार्ड कहिले लिने भन्ने सम्बन्धमाः

नवीकरण तथा पास राजश्व तिरे पश्चात स्मार्ट कार्ड कहिले प्राप्त हुन्छ भन्ने सम्बन्धमा नयाँ आर्थिक वर्ष (२०८३ श्रावण) पश्चातका लाइसेन्सहरु छपाइ सम्बन्धमा प्रदेश सरकारले छपाइको लागि सुरक्षण मुद्रण केन्द्रसँग छपाइ सम्झौता गरेपछि मात्र कार्डहरु छापिनेछन र तपाइहरुले प्राप्त गर्नुहुनेछ। हालसम्म यससम्बन्धी सम्झौता प्रकृया अगाडि नबढेकोले त्यसका लागि अझै केहि समय लाग्न सक्ने देखिन्छ। नयाँ अनलाइन प्रणालीमा नवीकरण भएको लाइसेन्स हाल तत्काल नागरिक एपमा अपडेट भइसकेको छैन। केहि समयपछि अपडेट हुने जानकारी डेभलपर टिमबाट प्राप्त भएको छ।

### ट्रायल पास भएका आवेदकको राजश्व तिर्ने सम्बन्धमा

यस कार्यालयबाट ट्रायल दिएर पास हुनुभएका आवेदकले पास भएपछिको राजश्व तिर्नका लागि तपाइले गण्डकी प्रदेशको आवेदन पोर्टल https://edlvrs.gandaki.gov.np/ बाट जानुपर्नेछ। त्यसमा EDL बाट जाने र Application Tracking option बाट जाने र आवश्यक विवरणहरु भरेर पेश गरेपछि Payment option मा पुगिनेछ र राजश्व तिर्न सकिनेछ। त्यसपछि नयाँको हकमा लाइसेन्स जारी हुनेछ भने वर्ग थपको हकमा वर्ग थप हुनेछ।

### नयाँ तथा वर्ग थपको आवेदन भर्ने सम्बन्धमा

नयाँ तथा वर्ग थपको आवेदनका लागि समेत https://edlvrs.gandaki.gov.np/ बाट आवेदन फर्म भर्नुपर्नेछ। यसका लागि राष्ट्रिय परिचयपत्र, आफ्नै नामको मोबाइल नम्बर हुनु अनिवार्य गरिएको छ। फर्म भर्दा आफ्नै मोबाइल डिभाइसबाट मात्र भर्नुहोला। तपाइले आफ्नो विवरण भरेपछि medical option देखिने र त्यहाँ सूचिकृत देखिएका डाक्टरहरुको नाम, फोन नम्बर, स्थान हेरी कुनै नजिकको डाक्टरकहाँ सम्पर्क गरी मेडिकल गर्नुहुनेछ। मेडिकल सफल भए पश्चात तपाइको मोबाइलमा कार्यालय छान्ने option आउनेछ र आफुले सेवा लिने कार्यालयको नाममा क्लिक गर्नुहुनेछ। त्यसपछि मात्र Office Approval को लागि सम्बन्धित अफिसमा जानेछ। तपाइका हरेक सफल चरणमा हरियो रङ्गको गोलो चिन्ह देखिनेछ। अफिसबाट आवेदन स्वीकृत भएपश्चात तपाइले Exam fee तिर्ने अप्सन आउनेछ। उक्त शुल्क तिरेपछि तपाइले नयाँ फर्म भर्नुभएको हो भने लिखितको लागि मिति छनौट गर्ने र वर्ग थपको फर्म भर्नुभएको हो भने ट्रायल मिति छनौट गर्न सकिनेछ। त्यसपछि प्रवेश पत्र डाउनलोड गर्ने र आफुले लिएको मितिमा लिखित वा ट्रायल परीक्षामा कार्यालयमा उपस्थित हुनुपर्नेछ। यसरी आउदा सक्कल नागरिकता अथवा राष्ट्रिय परिचयपत्र तथा प्रवेशपत्रको प्रिन्ट कपि साथमा ल्याउनुपर्नेछ। अहिलेको नयाँ प्रणालीमा तपाइको हाजिरी डिजिटल हुनेछ।

**फर्म भरेर मेडिकल पुरा गरी Office Approval को चरणमा रहनुभएका सेवाग्राहीको हकमा**

हाल नयाँ तथा वर्ग थपका लागि आवेदन भरी मेडिकल सक्नुभएका धेरै आवेदकहरुको Office Approval बाँकी नै रहेको छ। नयाँ प्रणालीमा काम गर्दा धेरै नै समस्याहरु आइरहेका छन। अफिसले लिखित तथा ट्रायल परीक्षाका लागि नयाँ प्रणालीमा सबै तयारी पुरा भएर देखिएका त्रुटिहरु समाधान भएपछि Approve को प्रकृया छिट्टै अगाडि बढाउनेछ। Approve भएपश्चात तपाइहरुले Application Tracking मा notification प्राप्त गर्नुहुनेछ र लिखित तथा ट्रायल परीक्षाका चरणहरुमा प्रवेश गर्नुहुनेछ।

**हाल विदेशी नागरिकको हकमा, इण्डियन नागरिकको हकमा, गैह्रआवासिय नागरिक (NRN) तथा शरणार्थी नागरिकको हकमा भने नयाँ लाइसेन्स, वर्ग थप तथा नवीकरणका लागि हालका लागि नयाँ प्रणालीमा आवेदन दिन मिलेको छैन। प्रणाली निर्माणकै क्रममा रहेकोले यो समस्या पनि पछि हल हुनेछ।**

**रिट्रायलका लागि राजश्व तिर्ने सम्बन्धमा**

नयाँ प्रणाली आउनु अगाडि ट्रायल परीक्षाका विभिन्न चरणमा फेल हुनुभएका सेवाग्राहीलाइ हाल रिट्रायलको राजश्व तिर्न मिलिराखेको छैन। Data Matching नभएको देखाइराखेको छ। यसका लागि रिट्रायलको लागि पनि केहि समय पछि राजश्व तिर्न मिल्ने र ट्रायल परीक्षाको मिति छनौट गर्न मिल्ने गरी प्रणाली निर्माणको क्रममा रहेको छ।

**विवरण सच्याउने सम्बन्धमाः**

हाल फर्म भर्दा गलत category मा भरेर त्यसलाई हटाउन चाहानुभएका आवेदकका हकमा application rejection को अप्सन सहित आवेदक आफैले फर्म रद्द गरी अर्को फर्म भर्न मिल्ने गरी प्रणाली निर्माणको चरणमा रहेको छ। हाललाइ भने यस्तो अवस्थामा कार्यालय वा आवेदक दुवैबाट सच्याउन मिलेको छैन।

**अन्य समस्याहरुका सम्बन्धमाः**

यदि तपाइलाइ अनलाइन सेवाहरु लिदा कुनै समस्याहरु देखा परेका छन भने तपाइले कार्यालयको नम्बरहरु 9856018335 अथवा 9856038335 मा whatsapp म्यासेज गर्न सक्नुहुनेछ। आफ्नो समस्या र सो को स्क्रनसट समेत पठाउनुभयो भने हामीले डेभलपर टिमलाई पठाएर समस्या समाधानका लागि पहल गर्नेछौं।